फेदीखोला गाउँपालिका

# स्थानीय राजपत्र

## गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

खण्ड ४ | संख्या ३ | २०७७/०३/१७

गाउँ कार्यपालिकाबाट पारित : २०७७/०३/१४

प्रमाणिकरण : २०७७/०३/१६

## भाग २

# युवा उद्यम कायक्रम संचालन निर्देशिका, २०७६ (पहिलो संशोधन) २०७७ सहित

फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

**प्रस्तावनाः**

फेदीखोला गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय अनुसार फेदीखोला गाउँपालिकामा विभिन्न क्षेत्रका युवा वर्गमा उद्यमशीलता, सिर्जनशिलता तथा सीपको विकास गरी स्वरोजगार र उत्पादनको माध्यमवाट समृद्ध गाउँपालिका निर्माणको लागि सकृय युवाको समूह वा संस्थामा रहेका पाँच देखि दश युवा सम्मिलित एक उद्यम कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न एवं सफल व्यवसायी बनाउन गाउँपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(१) "युवा उद्यम काययक्रम" भन्नाले १६-४० बर्ष उमेर समूहका युवाहरुलाई लक्षित गरी युवाहरुको समूह वा युवाको संघ संस्थाको माध्यमबाट युवाहरुको सीप, दक्षता बृद्धि गरी सफल व्यवसायी बनाउने अभियानलाई सम्झनु पर्छ ।

(२) "युवा" भन्नाले सोह्र वर्ष देखि चालीस वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ।

(३) "उद्यम" भन्नाले जविकोपार्जन, स्वरोजगार वा आय आर्जनका लगि गरिने सिर्जनात्मक, आर्थिक कृयाकलाप, व्यवसाय वा उद्योगलाई सम्झनु पर्छ ।

(४) "समूह" भन्नाले उद्यम सञ्चालन गर्नका लागि निर्माण भएको युवाको समूह सम्झनुपर्छ ।

(५) "संघ संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई अविछिन्न काम गरेका संघ संस्थालाई सम्झनुपर्छ ।

(६) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

(७) "उद्यमी" भन्नाले आय आर्जन गर्ने उद्येश्यले उद्योग ब्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने ब्यक्ति वा समूहलाई सम्झनुपर्छ।

(८) "घुम्ती कोष" भन्नाले ऋण लगानी भएको रकम फिर्ता भई जम्मा हुन आएको रकम सम्झनुपर्छ ।

(९) "बेरोजगार व्यक्ति" भन्नाले आय आर्जन हुने कुनै पनि पेशा व्यवसायमा नियमित रुपमा संलग्न नरहेको तथा कुनै काममा नियमित रुपमा संलग्न नभएको व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद - २

## लक्षित समूह तथा उद्यम क्षेत्र

**३. लक्षित समूह:** (१) सोह्र वर्ष देखि चालीस वर्षसम्मको उमेर समूहका नेपाली युवा (कम्तिमा पनि युवा महिला ३३ प्रतिशत[1]) यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।

(२) विशेष प्राथमिकताको समूहका युवालाई विशेष प्राथमिकता दिइनेछ ।

**४. युवा व्यवसायिक उद्यम क्षेत्र:** युवाबाट व्यावसयिक उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहनेछन् ।

(क) कृषि तथा पशुपंछिमा आधारित उद्यम व्यवसाय,

(ख) बन (जडीबुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

(घ) पर्यटन प्रवर्द्धन (होटेल, होमस्टे, रिसोट) मा आधारित उद्यम व्यवसाय,

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

(च) हस्तकला, मुर्तिकला, चित्रकलामा आधारित उद्यम व्यवसाय,

(छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

(ज) गाउँपलिकाले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय ।

## परिच्छेद - ३

## व्यावसायिक उद्यम छनौटका आधार

**५. व्यावसायिक उद्यम छनौटका आधार:** दफा ४ मा उल्लेखित उद्यम क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रमा कार्य गर्न कम्तिमा ५ देखि १० जना युवाको समूह एवं संघ संस्थालाई नयाँ उद्यम सञ्चालन गर्नका लागि देहायका छनौट आधारहरू निर्धारण गरिएको छ ।

(१) युवा उद्यम समूहमा समावेश हुने युवाको न्यूनतम योग्यताः

(क) १६ (सोह्र) वर्ष पुरा भई ४० (चालीस) वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने,

(ख) नैतिक पतन देखिने कुनै फैजदारी अभियोगमा अदालतवाट सजाय नपाएको,

(ग) सरकारी चल अचल सम्पतिको दुरुपयोग नगरेको,

[1] प्रथम संशोधनद्वारा संशोधित

(घ) कम्तीमा आधारभूत तहको (कक्षा ८ उर्तीण) शिक्षा हाँसिल गरेको,

(ङ) मगज नबिग्रेको ।

(२) युवा समूहको निर्माण:

(क) बेरोजगार युवा हुनु पर्ने,

(ख) कम्तीमा ३३ प्रतिशत[2] युवा महिला हुनु पर्ने,

(ग) उद्यमी युवाहरु हुनु पर्नेछ,

(घ) मेडपा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् व्यावसायिक सीप विकास तालिम केन्द्र आदि जस्ता उद्यम सम्वन्धी तालिम प्रदान गर्ने संस्थाबाट तालिम प्राप्त गरेका युवालाई विशेष प्राथमिकता दिइनेछ ।

(३) समूहका लागि न्यूनतम आधारहरू:

(क) दर्ता भई नियमानुसार नविकरण भएको,

(ख) युवाको हक हितको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा काम गर्ने उद्देश्य भएको,

(ग) अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-३ बमोजिमको ढाँचामा व्यवसाहिक योजना संलग्न गरेको,

(घ) कालो सूचीमा नपरेको ।

(४) युवा समूह तथा संघ संस्थाले प्रस्ताव गरेको व्यवसायिक प्रस्तावना मूल्याङ्कनका आधारहरू

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्क |
|---|---|---|
| १ | प्रस्तावित उद्यमको ५ वर्षे व्यवसायिक योजना | २० |
| २ | समावेशी सहभागिता | ५ |
| ३ | स्थानीय स्रोतमा आधारित | १५ |
| ४ | आर्थिक लगानीको सुनिश्चितता | १० |
| ५ | थप रोजगारी सिर्जना गर्ने | १५ |
| ६ | बजारको सुनिश्चितता | १५ |
| ७ | मानवीय स्रोत (तालिम प्राप्त युवा) | २० |
|  | जम्मा | १०० |

2 प्रथम संशोधनद्वारा संशोधित

**द्रष्टव्यः** परियोजना छनौटको मुख्य आधारः प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT), व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (EVENT PROJECT), गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(MEDPA), जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला कृषि विकास कार्यालय, महिला तथा बालबालिका कार्यालय, घरेलु विकास समिति, राष्ट्रिय युवा परिषद्, निजीस्तर आदिबाट व्यवसयिक तालिम प्राप्त गरेका र सबैभन्दा बढी युवा रहेको समूहबाट आएको उद्यम प्रस्तावलाई विशेष प्राथमिकता दिई माथिका आधारमा परियोजना छनौट गर्नुपर्नेछ र तालिम प्राप्त नगरेका अन्य युवालाई क्रमशः सम्बन्धित संस्थाहरुको सहकार्यमा तालिम प्रदान गर्दै लैजाने व्यवस्था गाउँपालिकाले गर्नुपर्नेछ ।

## परिच्छेद - ४

## उद्यम छनौट तथा सम्झौता

**६. उद्यम छनौट:** (१) युवा उद्यम कार्यक्रममा सहभागिताका लागि गाउँपालिकाले इच्छुक युवा समूहको जानकारीका लगि कम्तीमा ७ दिने सार्वजनिक सूचना[3] प्रकाशन गरी उक्त सूचना गाउँपालिकाको वेवसाइट www.phedikholamun.gov.np मा समेत राख्नेछ साथै गाउँपालिकाले वडा कार्यालयहरुलाई जानकारी गराउनेछ । गाउँपालिकाले उक्त अवधिमा आवश्यकता अनुसार १५ दिन सम्मको समय थप गरी प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि गाउँपालिका भित्रका ५ देखि १० जनाको युवा समूह तथा संघ संस्थाले उद्यम सञ्चालन गर्नको लागि निवेदन दिन चाहेमा सोही सूचनामा उल्लेखित म्याद भित्र अनुसूची-२ बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) उद्यम छनौट समिति: गाउँपालिकाको कार्यालयमा प्राप्त भएका निवेदन र अनुसूची - ३ बमोजिमको ढाँचामा व्यवसयिक योजना मूल्याङ्कन गरी छनोट गर्न देहायको युवा उद्यम छनौट समिति रहनेछ ।

(क) गाउँपालिका प्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) आर्थिक विकास समिति - सदस्य

(घ) शिक्षा शाखा प्रमुख - सदस्य

(ङ) रोजगार संयोजक - सदस्य सचिव

---

[3] प्रथम संशोधनद्वारा संशोधित

(४) प्रस्ताव परेका उद्यमसँग सम्बन्धित क्षेत्रको विज्ञको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ। (घरेलु, कृषि, भेटेनरी, पशु, विज्ञान प्रविधि आदि)

(५) उद्यम छनोट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमिजम हुनेछ।

(६) उद्यम छनौट समितिले गर्ने कार्यहरु देहाय बमोजिम छन्:

१. व्यवसायिक प्रस्तावको विस्तृत अध्ययन, परामर्श गरी प्राथमिकताको आधारमा छनौट गरी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा सम्झौता र कार्यान्वयनका लागि पठाउनेछ।

२. उद्यमी समूहले उद्यम गर्नका लागि छनोट भएपछि सम्झैता गर्न नआएमा वा ऋण प्राप्त गरेपछि कुनै कारणले उद्यम गर्न नसकेको अवस्थामा उद्यम छनौट समितिले सो को अनुगमन गरी तत्काल कारण सहित दोस्रो क्रममा रहेको उद्यम संचालन गर्न गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी गराउने।

३. उद्यमी समूहको सदस्यहरु मध्ये कुनै सदस्यले उद्यम गर्न छोडी कतै गएमा, उद्यमीको मृत्यु भएमा अथवा भागेमा सो सदस्यको सट्टा सोही वडाको १६ देखि ४० वर्ष भित्रका इच्छुक अर्को युवालाई आवश्यक प्रकृया पुरा गरी समावेश गराउन सकिनेछ र सो को जानकारी लिखित रुपमा गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा गराउनु पर्नेछ।

४. कुनै कारणले व्यवसाय परिवर्तन गर्न चाहेमा वा पहिले पेस गरेको प्रस्ताव योजना संचालनमा बाधा अड्चन आइपरेमा उद्यम छनौट समितिमा कारण सहित निवेदनको साथमा अर्को प्रस्तावित योजना दिन सक्नेछ र उद्यम छनौट समितिले कारण मनासिव देखेमा व्यवसाय परिवर्तनको लागि सिफारिस सहित गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनेछ।

**७. उद्यम सम्झौता:** (१) छनौट भएका युवा उद्यमको समूह र गाउँपालिकाको तोकेको ढाँचामा द्विपक्षीय सम्झौता गरिनेछ।

(२) सम्झौताको दुई प्रति हुनेछ। एक प्रति सम्बन्धित युवा समूहलाई र एक प्रति गाउँपालिकामा रहनेछ।

## परिच्छेद -५

## कोष तथा लेखा परीक्षण

**८. बजेट:** (१) युवा उद्यम सञ्चालन व्यवसायिक प्रस्तावहरु स्वीकृत भए पछि सम्बन्धित युवा उद्यम समूहको बैठकको निर्णययानुसार गाउँपालिका गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा युवा उद्यमी समूहको अध्यक्ष र कोषाध्यक्ष वा लेखा हर्ने सदस्यको संयुक्त दस्तखतबाट बैंक वा वित्तीय संस्थामा खाता सञ्चालन गरिनेछ।

(२) द्विपक्षीय सम्झौता भइसकेपछि उद्यमी समूहले अनिवार्य रुपले बैंक वा वित्तीय संस्थाको खातामा २० प्रतिशत रकम जम्मा गरेपछि गाउँपालिका मार्फत पहिलो किस्ता ५० प्रतिशत रकम र सम्झौता बमोजिम उद्यमको कार्यप्रगतिको आधारमा बाँकी ५० प्रतिशत रकम सम्बन्धित समूह तथा संस्थाको खातामा गाउँपालिकाको कार्यालयले स्थलगत अनुगमन गरेपछि प्राप्त हुनेछ तर उद्यमको प्रकृति हेरी एकैपटक रु. ५,००,०००।- (रु. पाँच लाख) उपलब्ध गराउन पनि सकिनेछ।

(३) गाउँपालिकाले गाउँ कार्यपालिकाको कार्यालय मार्फत व्यवसायिक योजना अनुसार बढीमा रु. ५,००,०००।- (अक्षरुपी पाँच लाख) सम्म उद्यम सञ्चालनको लागि कार्ययोजनामा उल्लेख भए अनुसार आवश्यक पर्ने प्रविधि व्यवस्थापनको लागि बिना व्याज ऋण उपलब्ध गराउनेछ।

(४) प्रत्येक समूह तथा संघ संस्थाले प्राप्त भएको रकम एक वर्षसम्म पूर्ण रुपमा परिचालन गर्न पाउनेछ। कूल ऋण रकमको दोस्रो वर्ष दश प्रतिशत, तेस्रो वर्ष बीस प्रतिशत, चौथो वर्ष तीस प्रतिशत र पाँचौँ वर्ष चालिस प्रतिशत रकम गरी पूर्ण रुपमा गाउँपालिकाले तोकेको युवा उद्यम विकास घुम्ती कोष खातामा फिर्ता गर्नुपर्नेछ। यदि समूहले दोस्रो वर्षदेखि माथि तोकिएको न्यूनतम् रकम बाहेक बढी रकम तोकिएको समय अगावै फिर्ता गर्न चाहेमा फिर्ता गर्न सकिनेछ।

(५) युवा उद्यम समूहले प्राप्त ऋण व्यवसायको व्यवसायिक योजना अनुसार पाँच वर्ष भित्र गाउँपालिकाले तोकेको बैंक खातामा फिर्ता गरिसक्नुपर्नेछ। ऋण भुक्तानी सम्बन्धी प्रक्रिया ऋण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**९. युवा उद्यम विकास घुम्ती कोष:** (१) युवा उद्यम सञ्चालनको लागि गाउँपालिकाको छुट्टै बैंक खाता हुनेछ। यस कोषमा गाउँपालिकाको रकम, युवा उद्यमीले ऋण फिर्ता गरेको रकम

तथा सहयोगी संघ संस्था वा निकायले युवा उद्यम विकासका लागि उपलव्ध गराएको रकम जम्मा हुनेछ।

(२) गाउँपालिकाले यसरी युवा समूहद्वारा सञ्चालित उद्यमको समूह वा संघसंस्थाबाट फिर्ता भएको रकम युवा उद्यम विकास घुम्ती कोष मार्फत अन्य क्षेत्रका युवा समूहलाई युवा उद्यमको क्षेत्रमा ऋण प्रवाह गरी लगानी विस्तार गर्दै लैजानेछ। यसका लागि गाउँपालिकाले युवा उद्यम विकास घुम्ती कोष सञ्चालन सम्बन्धी छुट्टै कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(३) युवा समूहबाट तोकिएको अवधिमा ऋण रकम फिर्ता नगरेमा द्विपक्षीय सतझौतामा उल्लेख भए बमोजिम र सो उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हर्जना सहित (प्रचलित नियमानुसार लाग्ने ब्याज) सहित ऋण रकम निज वा निजका एकाघरका अभिभावकको नाममा रहेको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

**१०. लेखा परीक्षण:** (१) युवा समूहहरुद्वारा सञ्चालित उद्यमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नुपर्नेछ।

(२) उद्यमको आर्थिक कारोवारको लेखा परीक्षण नेपाल चर्टर्ड एकाउन्टेन्ट संस्थामा सूचिकृत भएका दर्तावाला लेखापरीक्षक मध्येबाट गराउनु पर्नेछ। यसरी लेखा परीक्षण गराउँदा कार्यक्रम तर्फको प्रतिफल, उपलब्धी र प्रभावका आधारमा प्रगति विश्लेषण गराउनुपर्नेछ।

(३) लेखा परीक्षणको प्रतिवेदन गाउँपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ।

[4]**१०क. वित्तिय सेवा प्रदायक संस्था:** (१) युवा उद्यमीबाट ऋण रकम फिर्ता गरी युवा उद्यम घुम्ती कोषमा जम्मा कोषमा जम्मा गर्न गाउँ कार्यपालिकाले तोकेको वित्तिय संस्थालाई गाउँपालिका र वित्तिय संस्था बिच द्विपक्षीय सम्झौता गरी जिम्मेवारी दिइनेछ।

(२) वित्तिय सेवा प्रदायक संस्थाले गाउँपालिकाले तोकेको समयावधि भित्र युवा उद्यमीबाट ऋण रकम फिर्ता नगर्ने युवा उद्यमीको बारेमा १५ दिन भित्र गाउँपालिकामा जानकारी गराउनु पर्नेछ।

(३) वित्तिय सेवा प्रदायक संस्थाले गाउँपालिका र वित्तिय सेवा प्रदायक संस्था बिच भएको द्विपक्षीय सम्झौता पत्रमा तोकेको सेवा शुल्क प्राप्त गर्नेछ।

---

[4] प्रथम संशोधनद्वारा थप

## परिच्छेद- ६
## सरोकारवाला निकायको भूमिका

**११. गाउँपालिकाको भूमिका:**

(क) युवा उद्यम सम्बन्धी सूचना गाउँपालिका भरी सम्प्रेषण गर्ने,

(ख) फारामहरु वितरण गर्ने तथा प्राप्त प्रस्तावनाहरु दर्ता गर्ने,

(ग) व्यवसायिक उद्यमको नियमित अनुगमन निरीक्षण गर्ने,

(घ) उद्यमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न तथा सहज बजारीकरण गर्न आवश्यक पृष्टपोषण दिने र आवश्यकतानुसार विज्ञहरुमार्फत परामर्शको व्यवस्था गर्ने,

(ङ) गाउँपालिकामा रहेका अन्य उद्यम सञ्चालनमा संलग्न सरकारी निकायहरु बीच समन्वय गर्दै कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी बनाउने।

**१२. वडा कार्यालयको भूमिका:**

(क) आफ्नो वडामा स्थापना भएका युवा उद्यमको सफलतापूर्वक सञ्चालनका लागि आवश्यक पर्ने सिफारिस, स्थानीय स्रोत साधनको उपलव्धतामा सहजीकरण, अनुगमन निरीक्षण, पृष्टपोषण तथा गाउँपालिकालाई उद्यमको वारेमा जानकारी उपलव्ध गराउन समन्वयकारी भूमिका निभाउनुपर्नेछ।

(ख) स्थानीय युवाहरुलाई ब्यावसायिक सीप प्रदान तथा स्वरोजगार गराउन गाउँपालिकालाई आवश्यक पर्ने तथ्याङ्क तथा अन्य विवरण उपलव्ध गराउने।

## परिच्छेद- ७
## अनुगमन तथा निरीक्षण

**१३. अनुगमन तथा निरीक्षण:** (१) गाउँपालिकाको कार्यालय बाट अनुगमन तथा निरीक्षण गरिनेछ।

(२) अनुगमनलाई बढी प्रभावकारी र नतिजामुखी बनाउन गाउँपालिकाले अन्य नागरिक समाज, पत्रकार, सरोकारवाला आदिबाट पनि अनुगमन निरीक्षण गराई पृष्टपोषण तथा सुझावहरु लिन सक्नेछ।

(३) गाउँपालिकाले कार्यक्रमको प्रभावकारिता हेर्न तेस्रो पक्षबाट समेत अनुगमन, निरीक्षण तथा अध्ययन गराई पृष्टपोषण लिन सक्नेछ।

**१४. अनुगमन निरीक्षण समिति:** (१) युवा समूहहरुद्वारा सञ्चालित उद्यमहरूको समग्र अनुगमन गर्नका लागि  देहाय बमोजिमको अनुगमन तथा निरीक्षण समूह रहनेछः

(क) गाउँपालिका प्रमुख -संयोजक
(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य
(ग) आर्थिक प्रशासन प्रमुख -सदस्य
(घ) उद्यम सञ्चालन भएको वडाको वडा अध्यक्ष -सदस्य
(ङ) रोजगार संयोजक -सदस्य सचिव

## परिच्छेद- ८

## प्रतिवेदन

१५. **प्रतिवेदनः** युवा उद्यम समूह वा संस्थाले गाउँपालिकालाई अनुसूची-४ बमजिमको ढाँचामा अर्धवार्षिक रुपमा वित्तीय र भौतिक प्रगति विवरण पठाउनु पर्नेछ।

## परिच्छेद- ९

## पुरस्कार तथा दण्ड सजाय

१६. **पुरस्कारः** (१) युवा उद्यम कायक्रमलाई प्रभावकारी र नतीजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अंक हाँसिल गर्ने उद्यम ब्यवसायी समूह तथा संस्थालाई नगद तथा प्रमाणपत्रवाट पुरस्कृत गर्न सकिनेछ।

(क) अधिकतम रोजगार सिर्जना गर्ने,
(ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गर्ने,
(ग) तोकिएको समय अगावै ऋण रकम फिर्ता गर्ने उद्यमी
(घ) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापन गर्न योगदान पुर्याएको,
(ङ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर कायम भएको,
(च) उद्यमको विकासले स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,
(छ) उद्यमी समूहले तोकिएको ढाँचामा सम्बन्धित निकायमा प्रतिवेदन पेस गरेको,
(ज) परिवारको आयमा भएको वृद्धिको अवस्था,
(झ) कार्य योजना अनुसार कार्य सम्पादन प्रगति गरेको आदि।

१७. **दण्ड सजायः** (१) उद्यमी संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता उद्यमी संस्थालाई गाउँपालिकाबाट सञ्चालन गरिने कुनैपनि कार्यक्रमहरुमा सहभागि गराइने छैन।

(२) उद्यमी संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तर एवं परिमाणमा कार्य सम्पन्न नगरेमा तथा गाउँपालिकाबाट दिइएको बजेट हिनामिना गरेमा उक्त समूह तथा संघ संस्थाबाट हिनामिना गरेको रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुलउपर गरिनेछ र त्यस्ता उद्यमी संस्थालाई गाउँपालिकाबाट सञ्चालन गरिने कुनैपनि कार्यक्रमहरुमा सहभागि गराइने छैन ।

## परिच्छेद-१०
## विविध

**१८. सहयोग गर्नुपर्ने:** यस निर्देशिका बमोजिम युवा उद्यम विकास सञ्चालन कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१९. व्याख्या गर्ने अधिकार:** यस निर्देशिकामा भएको कुनै व्यवस्था अस्पष्ट भई व्याख्या गर्नुपर्ने भएमा गाउँपालिकाले सोको अन्तिम व्याख्या गर्नेछ ।

**२०. निर्देशिका संशोधन गर्न सक्ने:** गाउँपालिकाले आवश्यकता अनुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ ।

**२१. बाधा अड्काउ फुकाउने:** यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची – १

(परिच्छेद २ दफा ३ को उपदफा ४ सँग सम्बन्धित)

**युवाबाट व्यवसायिक उद्यम गर्न सकिने व्यवसायिक क्षेत्ररू : विस्तृत**

१. कृषि तथा पशुपंक्षीमा आधारित उद्यम व्यवसाय: तरकारी खेती, फलफुल खेती, अन्न उत्पादन, माछा पालन, हाँस, कुखुरा, बट्टाइ, खरायो, बाख्रा, गाई, भैँसी, भेँडा, च्यााँग्रा, चौंरी, अकवरे, अम्रिसो, अदुवा लसुन, खुर्सानी, दुध डेरी र दुधवाट वनेका परिकारहरू, रेशम खेती र उत्पादन भएका सामग्रीहरू, किवी खेती, विउ विजन उत्पादन तथा प्रसोधन र संरक्षण आदि ।

२. वनपैदावारमा आधारित उद्यम व्यवसाय: फर्निचर, काठका सजावट सामग्री, अलैची, औषधीका लागि कच्चा सामग्रीहरू उत्पादन, चिराइतो, सामुदाहिक वन ।

३. विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा अधारित उद्यम व्यवसाय: विज्ञानका आविश्कारहरू, आइ.सि.टी. सम्बन्धी व्यवसायहरू, मोवाइल, रेडियो टि.भी. मर्मत तथा बिक्री केन्द्र, फोटो तथा सुटिङ स्टुडियो, फोटोग्राफी, रेनडयोग्राफी, भाषा प्रशिक्षण, भाषा रूपान्तरण, ट्यूसन, कोशचङ कक्षाहरू ।

४. पययटन प्रवद्र्यनमा आधारित उद्यम व्यवसाय: भाषा प्रशिक्षण, होटल व्यवसाय, निर्माण र बिक्रि, होमस्टे, रिसोर्ट, टुरिष्ट गाइड ।

५. निर्माणमा आधारित उद्यम व्यवसाय: फलाम, काठ, माटो ढुङ्गा, इट्टा, टायल, सिमेन्ट बेतबाँस, तारजाली, छाला, आदिका उद्योगहरू र त्यसबाट बनेका सामग्रीहरू, हस्तकला, चत्रकला, मूर्तिकला, हाउस वायरिङ, रंगरोगन, गोवरग्यास, उन्नत चुलो, डकर्मी पेशा, सिकर्मी पेशा, क्रसर उद्योग ।

६. कलामा अधारित उद्यम व्यवसाय : ढाका, मखमल, सुती, उन अदिका कपडा वुन्ने, वेतवाँस तथा पराल जन्य सामग्री डोको, नाम्लो, मान्द्रो, सुकुल, गुन्द्री, गलैचा, आदि वनाउने, कपडा सिलाइ वुनाइ, वुटिक, फेसन डिजाइन, व्युटीपार्लर, हेयरकटिङ, मेहन्दी, चुरापोते डिजाइन, सजावटका सामग्री, खेलौना, धुप, मैनवत्ति, गरगहनाहरू, पेन्टिङ आदि।

७. संस्कृति, साहित्य सृजना, गित संगितमा आधारित उद्यम व्यवसाय: सांस्कृतिक परतपरागत नृत्य, बाद्य बाधन, कबिता, कथा, निबन्ध, गायन, गीत रचना, बाद्यबादन, नृत्य संगित आदि ।

८. खाद्य प्रशोधनमा आधारित उद्यम व्यवसाय: अचारहरू, गुन्द्रुक, मस्यौरा, सुकुटी (स्याउ, मासु, माछा, मूला, करेला आदि), सिस्नो, चिया (तुलसी, ग्रिनटी आदि), दालमोठ, चिप्स, जुस तथा पेय पर्दाथहरू ।

९. गाउँपालिकाले आवश्यकता महसुस गरी छनोट गरिने अन्य उद्यम व्यवसाय ।

## अनुसूची – २

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

### युवा उद्यमको लागि दिइने निवेदनको ढाँचा

मिति. २०.../..../....

श्री फेदीखोला गाउँ कार्यपालिकाको कार्यालय,

फेदीखोला, स्याङ्जा

विषय: व्यावसायिक उद्यम सञ्चालनका लागि निवेदन पेस गरेको।

उपर्युक्त सम्बन्धमा हामी तपशिलका ब्यक्तिहरुले स्याङ्जा जिल्लाको फेदिखोला गाउँपालिकाको वडा नं...........मा ............................................... (व्यावसायिक उद्यमको नाम) देहायको व्यावसायिक क्षेत्रमा सञ्चालन गर्न चाहेको हुनाले प्रविधि र व्यवस्थापनको लागि युवा उद्यम सञ्चालन निर्देशिका, २०७५ वमोजिम उपलब्ध गराइने ऋण सहयोग पाँउ भनी निर्देशिकाले निर्धारित गरेको शर्तहरुमा मन्जुर गरी तपसिल अनुसारको विवरण सहितको आवश्यक कागजात संलग्न राखी यो निवेदन पेस गरेका छौं।

संस्थागत विवरण

१ युवा समूहको नाम: ...................................

२ युवा समूहको ठेगानाः स्याङ्जा जिल्लाको फेदिखोला गाउँपालिकाको वडा नं ............

स्थानः...........................

३ समूह-उद्यमको दर्ता नं: ..........

४ दर्ता भएको जिल्ला: ........

५ दर्ता मिति: ....................

६ नविकरण मिति: ..........

७ स्थायी लेखा नम्बर (PAN) ...............

८ सम्पर्क व्यक्तिको नामः ............................ सम्पर्क नम्बर: ...............................

पदः ......................... ठेगाना: ..........................

समूह अध्यक्षको नाम .......................... समूह/उद्यमको छाप ...........

९ निवेदक युवा समूहका सदस्यहरुको विवरण:

परिच्छेद ३ दफा ५(१) को प्रकरण (ख), (ग), (ङ) र दफा ५(३) को (घ) मा भएको व्यवस्था सम्बन्धमा पुर्ण सहमत छौ अन्यथा भएको खण्डमा कानुन बमोजिम सहनेछौँ।

| क्र.सं. | नामथर | पद | उमेर | शैक्षिक योग्यता | स्थायी ठेगाना | सम्पर्क नं. | इमेल | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

**निवेदन साथ पेस गर्नु पर्ने कागजातहरुः**

१. एउटै वडाको १६ देखि ४० वर्षका उमेरका ५ देखि १० जना युवा (कम्तिमा पनि ५० प्रतिशत महिला) को सूची थान – १

२. सम्बन्धित निकायमा संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि थान – १

३. पाँच वर्षे व्यावसायिक योजना (व्यावसायिक उद्यम कृषि , वन, पशुपंक्षी , विज्ञान, सूचना प्रविधि, सञ्चार, कला संस्कृति, पर्यटन प्रवर्द्धन, निर्माण आदि स्थानीय स्रोत साधनमा आधारित हुनुपर्नेछ) थान – १

४. व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरुको नागरिकताको प्रतिलिपि

५. व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरुको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (कम्तिमा आधारभूत तह कक्षा ८ उतिर्ण गरेको हुनुपर्नेछ)

६. व्यावसायिक उद्यम सञ्चालन गर्नका लागि आवेदन दिने समूहले गरेको निर्णयको प्रतिलिपि थान-१

७. तालिम प्राप्त भए प्रमाणपत्रको प्रतिलिपि ,

८. स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि,

९. गत आ. व. को लेखा परिक्षणको प्रतिवेदन।

**१०.** माथि उल्लेखित कागजातहरु अनुसूची ५ बमोजिम को ढाँचामा अनिवार्य रुपले पञ्जिका बनाइ समावेश गर्नुपर्ने।

## अनुसूची –३

(दफा ६ को उपदफा ३ सँग सम्बन्धित)

**व्यवसायिक योजनाको ढाँचा**

| क्र.सं. | विवरण | अन्य विवरण |
|---|---|---|
| १ | व्यवसायको नाम, संक्षिप्त परिचय र उद्देश्य | नामः ..........................................................................<br>उद्यमको संक्षिप्त परिचय...............................................<br>..........................................................................<br>उद्देश्य..........................................................................<br>..........................................................................<br>विषय / क्षेत्र ..........................................................<br>उद्यमबाट उत्पादन हुने बस्तुको नाम<br>.......................................................................... |
| २ | ठेगाना | स्याङ्जा जिल्ला फेदिखोला गाँउपालिका<br>वडा नं ...... टोल ............... सम्पर्क नं .................... |
| ३ | संलग्न हुने अनुमानित जनशक्ति | महिला ..................पुरुष...................प्राप्ति ............ (स्वर्देश वा विदेशबाट) |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पर्दाथको नाम ................................................<br>..........................................................................<br>स्रोतः ( स्थानीय वा बाह्य) ........................................ |
| ५ | प्रयोग हुने मेशिनरी औजारको विवरण | नाम ..........................................................................<br>अनुमानित लागत ....................................................<br>स्रोत ( स्थानीय / बाह्वय)............................................ |
| ६ | अनुमानित लागत | कुल रु ................ चल पुंजी रु .......... अचल पुँजी रु .......<br>अचल पूँजीको नाम................................................ |
| ६ | उत्पादित वस्तुको बजारक्षेत्र | बजारको नाम ................ दुरी ................<br>ढुवानी खर्च.............. |

| | | |
|---|---|---|
| ७ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रु ............................<br>वार्षिक अनुमानित नाफा रु ....................................... |
| ८ | रोजगारी पाउने युवाको अनुमानित संख्या | महिला............. पुरुष ........... जम्मा............. |
| ९ | अन्य | |

१०. उद्यम समूहको विवरण

युवा उद्यम समूहको नाम :

**उद्यममा संलग्न हुने युवाहरुको विवरण :**

| क्र.सं. | नाम थर | पद | लिङ्ग | ठेगाना | उमेर | शै. योग्यता | तालिमको नाम र अवधि | सम्पर्क नम्बर | निवेदकको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

(नोट: यो व्यवसायिक योजनाको एउटा नमूना हो। उल्लेखित विवरणहरु नछुटाई विस्तृत सूचना समावेश हुने गरी सृजनात्मक रुपमा व्यवसायिक योजना बनाउन सहकनेछ ।)

समूह/संस्थाको छापः

समूह/संस्थाको
अध्यक्षको दस्तखत :
नामथर :
मिति :

## अनुसूची – ४

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

**प्रगति प्रतिवेदनको ढाँचा**

१. युवा उद्यम समूहको नाम :

२. कार्यक्रमको परिचय :

३. कार्यक्रमको उद्देश्य :

४. उद्यम व्यवसाय सञ्चालनको विधि-प्रक्रिया :

५. उद्यममा संलग्न युवाहरुको विवरण (जतिगत, लिङ्गगत) :

६. उद्यम सञ्चालन स्थान :

७. उद्यम सञ्चालन भएको मिति :

८. उद्यम सञ्चालन अवधि :

९. हाल सम्म उद्यमले गरेको मुख्य कार्य प्रगति :

१०. उद्यम सञ्चालन गर्दा आइपरेका समस्याहरु ....................................

११. ती समस्याहरु समाधानका लागि गरिएका प्रयासहरु ...........................

१२. यस वर्ष अनुगमन गरेको पटक:

१३. अनुगमनवाट प्राप्त मुख्य मुख्य सुझावहरु र कार्यान्वयनका लागि गरिएका प्रयासहरु: ..............

(क) मुख्य सुझावहरु...........................

(ख) कार्यान्वयनका लागि गरिएका प्रयासहरु. .........................

(ग) गाउँपालिकावाट गर्नुपर्ने केही भए...............................................

१४. प्राप्त उपलव्धीहरु..............................................................

१५. निष्कर्ष : .........................................................

१६. सुझाव: .................................. ......................................

## अनुसूची – ५
## पञ्जिकाको ढाँचा

| क्र.सं | संलग्न कागजात | थान | पाना संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | पाँच वर्षे व्यावसायिक योजना | | | |
| २ | युवा उद्यम समूहका सबै सदस्यको नामावली | | | |
| ३ | व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सबै सदस्यहरुको नागरिकताको प्रतिलिपि | | | |
| ४ | समूहका सबै सदस्यहरुको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ५ | संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ६ | स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ७ | सम्बन्धित क्षेत्रको तालिम प्राप्त भए प्रमाणपत्रको प्रतिलिपि | | | |
| ८ | व्यावसायिक उद्यम सञ्चालन गर्नका लागि आवेदन दिने समूहले गरेको निर्णयको प्रतिलिपि | | | |
| ९ | गत आ. व. को लेखा परिक्षणको प्रतिवेदन | | | |
| १० | अन्य कागजातहरु | | | |
| | जम्मा कागजातहरु | | | |

(नोट: पञ्जिकाको १ नं मा भएको कागजातलाई सबैभन्दा माथि र क्रमश सबैभन्दा तल ९ नं को कागजात हुने गरी फाइलमा समावेश गर्ने ।)

**आज्ञाले**
**विष्णु प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**